# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।११।०५ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण शाखा भोजपुरमा कार्यरत सव-इन्जिनियर (करार) प्रकाश तिवारीले भुकम्प पीडितको पूनर्निमित घरको निर्माण सम्पन्न रिर्पोट बनाई दिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज प्रकाश तिवारीलाई सेवाग्राहीसँग रु.६,०००।–(छ हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सेवाग्राहीको २०७२ सालको भुकम्पले घर पूर्णरुपमा क्षति भई नेपाल सरकारको अनुदान रकम लिई घरनिर्माण कार्य अन्तिम चरणमा पुगेपछि अन्तिम किस्ता रकमको लागि आवश्यक पर्ने कागजात उपलब्ध गराए बापत राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला आयोजना कार्यान्वयन इकाई धनकुटाबाट भोजपुर नगरपालिकाको कार्यालय भोजपुरमा कारारमा कार्यरत सव-इन्जिनियर प्रकाश तिवारीले सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत दिन बाध्य बनाई बुझि लिएको उक्त घुस/रिसवत बापतको रु. ६,०००।— (छ हजार) सहित निज प्रकाश तिवारी पक्राउ परेको भन्ने तथ्य प्रमाणित हुन आएको हुँदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निज प्रकाश तिवारीलाई बिगो रु. ६,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला